जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक २९९ २०८२ साल असार २३ गते सोमबार (7 July 2025 Monday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

यस अंक भित्र : २ पृष्ठमा : देखेको हैदराबाद... ३ पृष्ठमा : सुशासन, समृद्धि र समानताका आधार ... ३ पृष्ठमा :भन्सार शुल्कमा ...

## सैनिक जनशक्ति फिर्ता जाने भएपछि स्थानीय उत्रे आन्दोलनमा



**दैनिक समाचारदाता**
**राजविराज, २२ असार ।**

वर्षौ देखी संचालनमा रहेको सप्तरीको खडक नगरपालिका कल्याणपुर स्थित सर्पदंश उपचार केन्द्रबाट सेनाको जनशक्ति फिर्ता लैजाने चर्चा चलेपछि स्थानीय आन्दोलित भएका छन ।

नेपाली सेनाको बरख गण भलुवाही ब्यारेक राजबिराजले सेनाको अपरेशनल आवश्यकताका लागि भन्दै सर्पदंश उपचार केन्द्रमा खटिएका सैनिक जनशक्तिलाई असार मसान्तभित्र फिर्ता हुन निर्देशन दिएपछी स्थानीय आन्दोलनमा उत्रेका हुन ।

सेनाको बरख गणले २०८२ जेठ २० गते सर्पदंश उपचार केन्द्र सञ्चालन तथा व्यवस्थापन समिति कल्याणपुरलाई पठाए पछी स्थानीय लामो समय देखी संचालनमा रहेको सर्पदंश उपचार केन्द्र बन्द हुने दाबी गर्दै आन्दोलन चर्काउने चेतावनी दिएका छन । गणद्वारा पठाइएको पत्रमा भनिएको छ,“ सर्पदंश उपचार केन्द्रमा तैनाथ रहेका गणका फौजहरु नेपाली सेनाको अपरेशनल आबश्यकताका कारण मिति २०८२ असार मसान्तभित्र गण हेड क्वाटर भलुवाही ब्यारेक राजबिराज फिर्ता गर्ने निर्णय भएको हुदाँ फौज फिर्ता पश्चात उक्त सर्पदंश उपचार केन्द्रमा यस गणको मेडिकल जनशक्ति (२ वा ३) सोही स्थानमा रही उपचार सेवालाई निरन्तरता दिने योजना रहेको हुदाँ त्यस समिति मार्फत उक्त केन्द्र सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक थप जनशक्ति खटाई दिने व्यवस्थाको लागि अनुरोध गरिन्छ ।” उक्त पत्राचार पछी संशकित बनेका स्थानीयहरु आन्दोलन सुरु गरेका हुन् ।

सैनिक जनशक्तिलाई फिर्ता बोलाएर सर्पदंश उपचार केन्द्र बन्द गराउन वा अन्यत्र नै सार्न लागेको भन्दै स्थानीयहरुले आईतवार बिहान केहीबेर पुर्वपश्चिम राजमार्ग अन्तर्गत कल्याणपुरमा चक्काजाम समेत गरेका छन् ।

सर्पदंशका बिरामीहरुको उपचारका लागि जिल्लामा रहेको एकमात्र सर्पदंश उपचार केन्द्रबाट सैनिक जनशक्ति फिर्ता बोलाएर उपचार केन्द्र नै अन्यत्र सार्न लागेकोले आफुहरु आन्दोलनमा उत्रिएको खडक नगरपालिकाका स्थानीय ध्रुव चौधरीले बताएका छन ।

जिल्लाकै यो एक मात्र सर्पदंश उपचार केन्द्र हो, जहाँ सर्पदंशका थुप्रै बिरामीहरुले उपचार पाईरहेका छन”,उनले भने,“ तर त्यहाँ खटिएका सैनिक जनशित्तहरुलाई फिर्ता बोलाईएको छ, सैनिकहरु फिर्ता भयो भने कुनै पनि बेला त्यहाँका मेडिकल टिम फिर्ता जान सक्छ, र सर्पदंश उपचार केन्द्र बन्द हुन सक्छ ।

गर्मी बढेसँगै सर्पदंशका घटनाहरु बढिरहेका बेला जिल्लामा थप सर्पदंश उपचार केन्द्र स्थापना

*बाँकी तीन पृष्ठमा*

## लागुऔषधसहित दुई युवा पक्राउ

रौटहट, २२ असार (रासस) ।

सशस्त्र प्रहरी बल नेपालले लागुऔषधको कारोबारमा संलग्न दुई युवालाई पक्राउ गरेको छ ।

सशस्त्र प्रहरी बल रौतहटका प्रमुख एवं गणपति सन्तोषकुमार बस्नेतले बारा जिल्ला निजगढ नगरपालिका-८ का नवबहादुर बाइबा र दावा योञ्जनलाई लागुऔषधसहित पक्राउ गरेको जानकारी दिनुभयो । उहाँका अनुसार ट्रमोल ३०० थान, निट्राजेपाम ट्याब्लेट १४० थान र नेटजेटकेयर पाँच थान लागुऔषधसहित उनीहरूलाई रौतहटको गजुरामुखीबाट पक्राउ गरिएको हो ।

लागुऔषधसहित उनीहरूलाई इलाका प्रहरी

*बाँकी तीन पृष्ठमा*

IMPACT Nepal

### आवश्यकता

बिगत ३० बर्ष देखि अपाङ्गता रोकथाममा समर्पित गैर-सरकारी सामाजिक संस्था इम्प्याक्ट नेपालले राजविराज स्थित आफ्नै नयाँ भवनवाट सेवा सुचारु गर्न गइरहेको हुँदा तपसिल बमोजिमका पदहरु करार सेवामा पूर्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरुबाट मिति २०८२ असार ३० गते सम्ममा आइपुग्ने गरि दरखास्त आह्वान गरिएको छ ।

| पद | संख्या | न्यूनतम योग्यता |
|---|---|---|
| असिस्टेन्ट फार्मसिस्ट | १ | फार्मेसी बिषय लिई डिप्लोमा |
| कान उपचार कार्यकर्ता | १ | हेल्थ असिस्टेन्ट |

द्रष्टव्य:

१. दरखास्त बुझाउनु पर्ने स्थान : इम्प्याक्ट नेपाल कान उपचार केन्द्र मलेठ राजविराज (०३१- ५९०००५) वा इम्प्याक्ट नेपालकको केन्द्रीय कार्यालय माइतीघर काठमाडौं, पोस्ट बक्स न. १०९०६ तथा इमेल : vacancy.impactnepal@gmail.com मार्फत पनि पठाउनु सकिनेछ |

२. दरखास्तका साथ नागरिकता, शैक्षिक योग्यता, तालिम, अनुभव तथा प्रशंसा पत्रको प्रमाण-पत्रका प्रतिलिपिहरु पेश गर्नु पर्नेछ ।

३. अनुभवी र स्थानीय उम्मेदवारलाई प्राथमिकता दिइनेछ ।

४. रितपूर्वक आवेदन दिएका उमेदवारहरुलाई अन्तरवार्ता र प्रयोगात्मक परीक्षाको जानकारी दिइनेछ।

५. तलव भत्ता तथा अन्य सुविधा संस्थाको नियमानुसार हुनेछ ।




## सकियो मेयरकप ब्याडमिन्टन

**दैनिक समाचारदाता**
**राजविराज, २२ असार ।**

राजविराजमा संचालित मेयरकप ब्याटमिन्टम प्रयतियोगित आईतवार सम्पन्न भएको छ ।

सप्तरी युथ नेपालको आयोजना तथा राजविराज नगरपालिकाको सहयोगमा उक्त प्रतियोगिता आयोजना गरिएको थियो । प्रतियोगिताको समूह ‘ए’ तथा ‘बी’ तर्फ क्रमशः हिरानन्द झा-उमेश गुप्ता र कर्ण बहादुर लिम्बु-महाकान्त चौधरीको जोडिले उपाधी हात पार्न सफल भएका छन् ।




राजबिराज नगरपालिका-९ स्थित कभर्डहलमा आयोजित दुई दिने प्रतियोगिता समूह ‘ए’ तर्फ २४ जोडि र समूह ‘बी’ तर्फ २१ जोडिको सहभागिता रहेको थियो ।

समूह ‘ए’ अन्तर्गतको फाइनल खेलमा हिरानन्द झा र उमेश गुप्ताको जोडिले दीपक गुप्ता र बुद्ध सागर चौधरीको जोडिलाई सोझो सेटमा २१-११ र २१-१९ अंकको अन्तरले पराजित गर्दै उपाधि जितेका छन् ।

त्यस्तै, समूह ‘बी’ तर्फको फाइनल खेलमा कर्ण बहादुर लिम्बु र महाकान्त चौधरीको जोडिले सुनिल परियार र सत्यनारायण चौधरीलाई सोझो सेटमा २५-२३ र २१-१२ अंकको अन्तरले जित हात पार्दै च्याम्पियन बने ।

दुवै समूहमा तेस्रो स्थान दुई/दुई जोडिलाई प्रदान गरिएको थियो । समूह ‘ए’ मा उदयबीर नेपाली-रामकुमार देव र दिनेश यादव- पदम बुढाथोकीको जोडिले तेस्रो स्थान हात पारे भने समूह ‘बी’ मा सरोज तामाङ-नवीन चौधरी र रुद्र खड्का-अजय चौधरी तेस्रो स्थानमा रहे ।

प्रतियोगितामा प्रथम हुने खेलाडीलाई रु. २० हजार द्वितीय हुनेलाई १० हजार तथा तृतीय हुने खेलाडीलाई नगद पाँच हजार

*बाँकी तीन पृष्ठमा*

# आषाढ शुक्ल एकादशी: घरका मठमा तुलसी रोपियो

काठमाडौँ, २२ असार (रासस)।

बहुगुणले युक्त वनस्पति तुलसी कीटाणुनाशक भएकाले घरको मूलढोकामा हावा आउने गरी मठ बनाएर रोप्ने वैदिक सनातनी हिन्दू परम्परा छ।

प्रत्येक वर्ष ज्येष्ठ शुक्ल एकादशीका दिन घर-घरमा तुलसीको दल राखिन्छ। आषाढ शुक्ल एकादशीका दिन दलबाट घरको तुलसीको मठमा बिरुवा सारी चार महिनासम्म गरिने विशेष पूजा आराधना आजदेखि सुरु भएको हो।

आयुर्वेद क्षेत्रमा लामो समय काम गर्दै आउनुभएका डा वंशदीप शर्मा खरेलले वैज्ञानिक र औषधीय गुणले युक्त भएकाले हाम्रा पुर्खाले घरघरमा यसको मठ बनाएर पूजा आराधनाको परम्परा बसाल्नुभएको बताउनुभयो। औषधीय गुणले युक्त तुलसीबाट आफू सिंहदरबार वैद्यखाना विकास समितिको प्रबन्ध निर्देशक भएका बेला चिया उत्पादनलाई निरन्तरता दिएको उहाँले जानकारी दिनुभयो।

"तुलसीको चियाले मानव शरीरभित्रका कीटाणु नाश गरी स्वस्थ बनाउने भएकाले दैनिक सेवन गर्नु फलदायी हुन्छ। कोरोना महामारी तीव्र भएका बेला तुलसी, सुठो, पिप्ला, मरिच, त्रिकटुलाई काँडा पानी बनाएर पिउँदा कोरोना ठीक भएको छ, कीटनाशक भएकाले नै वैदिककालदेखि तुलसीको महत्त्व बढेको हो", डा खरेलले भन्नुभयो।

हाम्रा वनस्पति र खाद्यान्न स्वास्थ्यसँग सम्बन्धित रहेका भन्दै उहाँले अमृतासमेत भनिने गुर्जो धेरै रोगका लागि लाभदायक रहेको बताउनुभयो। सनातन वैदिक परम्पराअनुसार तुलसीलाई विष्णुको प्रतीकका रूपमा मानिन्छ। आजदेखि कार्तिक शुक्ल एकादशीका दिनसम्म तुलसीको विशेष पूजा गरिन्छ।

आषाढ शुक्ल एकादशीदेखि कार्तिक शुक्ल एकादशीसम्म चार महिना भगवान् विष्णु क्षीरसागरमा शयन गर्नुहुने भएकाले आजको दिनलाई हरिशयनी एकादशी भनिएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका सदस्य प्रा डा देवमणि भट्टराईले जानकारी दिनुभयो। भगवान् विष्णु शयन गर्नुहुने चार महिनालाई चर्तुमासा पनि भनिन्छ। यस वर्ष साउनमा अधिकमास परेका कारण चान्द्रमास अनुसार पाँच महिना हुने भएको छ।

"एक वर्षमा २४ एकादशी पर्छन्। अधिकमास परेको वर्ष भने २६ वटा एकादशी पर्छन्। सक्नेले सबै एकादशीमा फलाहार मात्र गरेर व्रत बस्छन्। नसक्नेले चर्तुमासाका चार महिनामा पर्ने आठ एकादशीमा व्रत गर्छन्", उहाँले भन्नुभयो।

कामकाजमा सक्रिय हुनुपर्ने र चार महिनासम्म पनि फलाहार गर्न नसक्नेले भने हरिशयनी एकादशी र हरि बोधिनी एकादशीका दिन फलाहार गरी व्रत बस्ने गर्छन्। यी दुवै एकादशीलाई ठूलो एकादशी भन्ने प्रचलन पनि व्यवहारमा चलेको छ।

हरिशयनी एकादशीका अवसरमा आईतवार बिहानैदेखि राजधानीको बूढानीलकण्ठ, उपत्यकाका चार नारायणलगायत देशभरका नारायण एवं विष्णु मन्दिरमा भक्तजनको घुइँचो लागेको छ। चर्तुमासाभर देशभरका नारायण मन्दिरमा भक्तजनको ***बाँकी अन्तिम पृष्ठमा***


**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# देखेको हैदराबाद, भोगेको नेपाल

**- टिकाराम सुनार**

काठमाडौँ, २२ असार (रासस)।

भारतको दक्षिण-मध्यभागमा अवस्थित तेलङ्गना राज्य सन् २०१४ जुन २ मा जन्मिएको हो। त्यहाँका २९ मध्ये कान्छो यस प्रदेशले स्थापनाको छोटो समयमै हासिल गरेको विकास र त्यसको गति धेरैका लागि प्रेरणाको विषय बनेको छ। यसको स्थापना पाँच दशक लामो सङ्घर्षपछि भएको थियो, तर एक दशकमै त्यो सङ्घर्षको अभिष्ट पूरा गर्न देखाएको तदारुकता हाल भारतभित्रै उदाहरणीय बनेको छ।

यहाँको समावेशी विकास, प्रविधि र नवप्रवर्तन, सांस्कृतिक सहिष्णुता र राजनीतिक स्थायित्वबारे धेरै नेपालीले सुनेका छन्। नेपालका केही सञ्चारकर्मीले भने हालै (१५(२८ जुन) दुई साता लामो पत्रकारिता तथा जनसम्पर्कसम्बन्धी तालिमका क्रममा त्यसलाई नजिकबाट देखेर फर्किएका छन्। त्यसमा पङ्तिकार पनि सहभागी थियो। दक्षिण अमेरिकी, अफ्रिकी र एसियन गरी विभिन्न १५ देशका प्रतिनिधिले त्यहाँको सङ्घीयता यात्राबारे बुझ्ने अवसर पाएका थिए।

**देखेको हैदराबाद: सङ्घर्ष र सफलता**

जानकारहरूका अनुसार तेलगु भाषी बाहुल्य यो क्षेत्र तत्कालीन निजाम शासक (मुस्लिम शासन) ले स्थापना गरेको हैदराबाद राज्यको हिस्सा थियो। भारत स्वतन्त्र भएपछि पनि यो क्षेत्र सन् १९४८ देखि हैदराबाद राज्यकै रूपमा अस्तित्वमा रह्यो। पछि सन् १९५६ मा आन्ध्र प्रदेशमा समाहित गरियो, तर यहाँका जनताले आफ्नो आत्मसम्मान, विकास र पहिचान संरक्षणको महसुस गरेनन्। त्यसैले सामाजिक न्याय, क्षेत्रीय समानता र स्थानीय अधिकारका लागि छुट्टै प्रदेशको माग गर्दै सन् १९६९ देखि 'जय तेलङ्गना आन्दोलन' सुरु भयो। विभिन्न चरणका आन्दोलन, सम्झौता र आन्दोलन हुँदै अन्ततः छुट्टै राज्य बन्यो। यही प्रदेशको राजधानी हो, हैदराबाद।

सन् १५९१ मा मुहम्मद कुली कुतुब शाहले स्थापना गरेको भनिएको यो सहर, इतिहास र भविष्यको सङ्गमजस्तै लाग्छ(जहाँ एकातर्फ चारमिनार, गोलकोँडा किल्ला, उर्दू संस्कृति र सभ्यताले परम्पराको झल्को दिन्छ। अर्कातर्फ, हाइ(टेक सिटी, साइबराबाद, नलेज सिटी र स्टार्टअप हबले आधुनिक समयको गति बोक्छ।

यसबारे पङ्क्तिकारलाई पनि लागेको छ( त्यहाँ इतिहासको जगेर्ना र भविष्यको निर्माण सँगसँगै भइरहेको छ। त्यहाँका जनता र राजनीतिक दलले अधिकारपछि दायित्व र जिम्मेवारी पनि बहन गर्नुपर्छ भन्ने सन्देश दिएका छन्।

राजधानी सहर हैदराबादले १० वर्षसम्म (सन् २०२४ सम्म) आन्ध्र प्रदेशसँग साझा राजधानी बाँड्यो। यसले त्यहाँको सहिष्णुता र समन्वयको व्यावहारिक सन्देश सम्प्रेषण गरेको छ। यही समन्वयकारी भूमिकाले उक्त क्षेत्रलाई देशकै बलियो आर्थिक मेरुदण्डका रूपमा स्थापित गरेको छ। जसले भारतको दक्षिणमध्यभागबाट सूचना प्रविधि, अनुसन्धान, शिक्षा, स्वास्थ्य र स्टार्टअप क्षेत्रमा महत्वपूर्ण सन्देश प्रवाह गरिरहेको छ। गुगल, माइक्रोसफ्ट, फेसबुक र अमेजोनलगायत विश्वकै ठूला बहुर्राष्ट्रिय कम्पनीहरूले यही क्षेत्र रोजेका छन्, जसले हैदराबादलाई भारतको अग्रणी प्रविधि सहर बनाउन सघाएको छ।

तालिमको समापन समारोहमा तेलङ्गना राज्य प्रमुख जिस्नुदेव वर्मा विकासमा गतिमात्रै होइन, यस सहरले उत्तर र दक्षिण भारतलाई सांस्कृतिक रूपमा पनि जोड्ने काम गरेको उदाहरण प्रस्तुत गर्दै हुनुहुन्थ्यो। उहाँ भन्दै हुनुहुन्थ्यो, "यहाँको सांस्कृतिक सहिष्णुता, भाषा र खानपानको विविधता भारतीय एकताको उदाहरण हो। तेलङ्गना आन्दोलनको ऐतिहासिक भूमि भए पनि यसले सहिष्णुता, समावेशी विकास, स्थायित्व र दूरदर्शिता देखाएको छ। विविध भाषा, धर्म, संस्कृति र पहिचानका हिसाबले यो क्षेत्र 'मिनी भारत' हो, तर यहाँ सबै स्वतन्त्र, सबै खुसी र सबै सहिष्णु छन्।"

पङ्त्तिकारसँगको कुराकानीमा त्यहाँको 'सेन्टर फर हुमन सेकुरिटी स्टडिज'का संस्थापक डा रमेश कन्नेगान्टी 'हैदराबाद केवल तेलङ्गनाको राजधानी मात्र होइन, भारतको आत्मविश्वास, सम्भावना र समावेशी सोचको प्रतीक हो' भन्दै हुनुहुन्थ्यो।

तालिमकै महत्त्वपूर्ण पाटो रहेको अध्ययन भ्रमणको क्रममा त्यहाँका गोलकान्डा, चारमिनार, मक्का मस्जिद, सलारगञ्ज म्युजियम, वाराङ्गल, हुसेन सागर र लुम्बिनी पार्क, पचम्पल्लीलगायत सांस्कृतिक क्षेत्र र टि(हब, बिर्ला प्लानेटोरियम तथा विज्ञान सङ्ग्रहालय, तेलङ्गना एकीकृत प्रहरी कमाण्ड एण्ड कन्ट्रोल सेन्टर, ट्राइबल वेलफेयर म्युजियम, इण्डियन विजनेस स्कुल हेर्दा लाग्यो(हैदराबाद, एउटा सहरमा दुईवटा समय छन्। एउटा समय, जहाँ गोलकान्डा, चारमिनार र ऐतिहासिक सभ्यताका प्रतीकहरूले त्यहाँको इतिहास बोलिरहेका छन्। अर्को समय, जहाँ स्टार्टअप, साइबर सिटी र साइबर हबलगायत सूचना प्रविधिले विश्वग्राममा नयाँ भविष्य बोकिरहेका छन्।

यो सहर सूचना प्रविधिका हिसाबले भारतको दोस्रो ठूलो आइटी निर्यातकर्ता सहर हो। 'दी टाइम्स अफ इन्डिया'को अनलाइन संस्करणमा सन् २०२४ जुन १२ मा प्रकाशित एक समाचारअनुसार हैदराबाद एसियाका शीर्ष २० स्टार्टअप हबमध्ये एक हो। सन् २०१४ मा यहाँ करिब २०० स्टार्टअप रहेकामा सन् २०२४ मा यो सङ्ख्या सात हजार ५०० भन्दाबढी पुगिसकेको छ। यसले स्टार्टअप विकास, लगानी आकर्षण, प्रतिभा सञ्चय, बजार पहुँच र ज्ञानका क्षेत्रमा सन्तुलित र तीव्र वृद्धि देखाएको छ।

सोही अनलाइनमा ८ जुन २०२५ मा प्रकाशित सामग्रीअनुसार यहाँ भारत सरकारअन्तर्गतको निकाय एसटिपीआइमा दर्ता भएका आइटी कम्पनीले सन् २०२४(२५ मा एक खर्ब ४२ अर्ब भारतीय रूपैयाँ बराबरको सफ्टवेयर बिक्री गरेका छन्।

यहाँका प्रमुख हाइटेक सिटी र जिनोमी भ्यालीजस्ता प्रमुख प्रविधि केन्द्रमा मात्रै पाँच लाखभन्दा बढीले काम गरिरहेका छन्। यो सहरलाई विश्वका शीर्ष १० आउटसोर्सिङ गन्तव्यहरूमध्ये एक मानिन्छ। भारतीय समाचार समिति पिटिआइले लेखेअनुसार विश्वका दश गन्तव्यमा हैदराबाद धेरैअघि दोस्रोमा रहेको छ।

दी न्यू इण्डियन एक्सप्रेस (१८ फेब्रुअरी २०२५) मा छापिएको एउटा समाचारअनुसार गएको १० वर्षमा यस राज्यको कूल गार्हस्थ उत्पादन (जिडिपी) मा १९६ दशमलव नौ प्रतिशतले वृद्धि भएको छ। जबकी समग्र भारतको जिडिपी १३६ दशमलव ८९ प्रतिशतले वृद्धि भएको छ। तेलङ्गनाको अर्थतन्त्र सन् २०२३(२४ मा करिब १८० अर्ब अमेरिकी डलर छ, जुन पछिल्लो पाँच वर्षमा वार्षिक औसत ११ दशमलव चार प्रतिशतको वृद्धिदर हो। यसमा हैदराबादले मात्रै करिब ५० प्रतिशत योगदान गर्ने गरेको कतिपयले भन्ने गरेका छन्।

एमसीआर मानवस्रोत विकास संस्था, तेलङ्गानाका कानुन तथा सार्वजनिक प्रशासन केन्द्र प्रमुख डा माधवी राभुलापति विगतको सभ्यताको जगमा वर्तमान हैदराबाद निर्माणमा यहाँका विविध धर्मावलम्बी, आमनागरिक, राजनीतिकर्मीलगायत सबैको इमानदार योगदान रहेको बताउनुहुन्छ। "भारत सङ्घीय गणराज्य भएको देश हो। विविध भाषाभाषी, संस्कार, संस्कृति, भौगोलिक विविधता भए पनि देशप्रतिको साझा समर्पणका कारण 'ग्रेट इण्डिया' बन्न सफल भइरहेको छ। यस्तै विविधता हैदराबादमा पनि छ, तर विविधतामा एकता, नवनिर्माणको हुँटहुटी, नवीन सोचका कारण भारतभित्र हैदराबाद आफ्नो छुट्टै पहिचान बनाइरहेको छ", उहाँले भन्नुभयो।

**भोगेको नेपाल**

नेपाल पनि लामो सङ्घर्षपश्चात् सङ्घीय प्रणालीमा गएको हो। ऐतिहासिक संविधानसभाबाट संविधान बनेको १० वर्ष र त्यही आधारमा सङ्घीय व्यवस्था कार्यान्वयनको आठ वर्ष भएको छ, तर देशले अझै स्थायित्व र विकासको स्पष्ट 'लय' समात्न नसकेको आमगुनासो छ। तालिममा सहभागी 'जेनजी' पुस्ताका प्रतिनिधि किरण पौडेललाई पनि यस्तै लागेको रहेछ। हत्केलाको मोबाइलबाट संसार हेरेपछि उहाँ भन्नुहुन्छ, "हाम्रो विकासको गति किन यति धिमा ?"

यो प्रश्न पौडेलको मात्रै होइन, आमनेपालीको हो। दुई हप्ता हैदराबादमा बसेर आफ्नो देश फर्किएपछि सायद उहाँले आंशिक भए पनि उत्तर भेटाउनुभएको छ। पौडेल सुनाउनुहुन्छ, "भारतको कान्छो प्रदेश हेर्दा हामी अझै विकासको मोडल र नीतिमै अस्पष्ट छौँ कि ! हाम्रो विकास मोडल आधुनिक सङ्घीय नेपाल सुहाउँदो छैन कि भन्ने लाग्यो। त्यसैले आधुनिकीकरणलाई समावेशी, दिगो विकासलाई सन्तुलित बनाउने विषय हैदराबादबाट सिक्न सकिन्छ।"

हैदराबाद र नेपालका धेरै कुरा मिल्दाजुल्दा छन्। यहाँ सङ्घीयताका लागि सङ्घर्ष र ठूलो बलिदानी गर्नुपरेको छ। त्यहाँ पनि पाँच दशक लामो आन्दोलनपछि छुट्टै प्रदेश सम्भव भएको हो। हैदराबादमा विगतमा निश्चित वंशपरम्पराको शासन थियो, नेपाल जस्तै।

त्यहाँ पनि छुट्टै प्रदेशको अभ्यास र अपनत्व महसुस भएको १० वर्ष मात्रै भयो, यहाँ पनि त्यसकै हाराहारी। फरक यत्ति हो, हैदराबादमा राजनीतिक स्थायित्व छ। त्यहाँ १० वर्षमा मात्र दुई मुख्यमन्त्री (कार्यकाल तीन) भए। नेपालमा भने पटकपटक सत्ता परिवर्तन भएका छन्। त्यसो हुँदा नीतिगत र योजनाले निरन्तरता पाउन सकेको छैन। त्यहाँ नयाँ प्रदेश खोज्नुको जवाफ कामबाट दिइएको छ, यहाँ नयाँ व्यवस्थाअनुसार व्यवहार प्रदर्शन हुन नसकेको आरोप छ। "हो, त्यहाँ प्रदेश नयाँ थियो र सोच पनि नयाँ। त्यसैले छोटो समयमै विकासको गति समाते। हामीकहाँ व्यवस्था नयाँ, तर सोच पुरानो। हामी गन्तव्य ठीक भएर पनि बाटोमै अल्मिलिरहेका छौँ", पौडेलले भन्नुभयो।

सञ्चारकर्मी राज ढुङ्गाना भन्नुहुन्छ, "उनीहरूको लक्ष्य भूगोल मात्रै थिएन, विकासको लक्ष्य पछ्याउने र विशाल भारतमा आफ्नो छुट्टै पहिचान स्थापित गर्ने रहेछ। केन्द्र सरकारले प्रदेश सरकारको कदममा कदम मिलाएको छ, तर हामी कहाँ ? सङ्घीयता माग्ने प्रदेशले नै आफू छुट्टै हुनुको अर्थ प्रमाणित गर्ने प्रयाससमेत गरेका छैनन्। त्यसैले असन्तुष्टि, गुनासा र फरकफरक स्वार्थको द्वन्द्व देखिरहेका छन्।"

उहाँको बुझाइमा हामीसँग बलियो अर्थतन्त्र नभए पनि भएकै स्रोत पनि कहाँ, कसरी र किन खर्चिने भन्ने स्पष्ट सोच छैन। "विकास त केवल फल हो, त्यसको जग त सोच हो नी ! हामीकहाँ सङ्घीयतालाई सत्ता बाँडफाँटको खेलजस्तो मात्रै बनाइयो", ढुङ्गानाले अगाडि भन्नुभयो, "विकास भाषणमा होइन, व्यवहारमा देखिनुपर्छ, तर सोचेअनुसार त्यसो भइरहेको छैन।"

हैदराबाद देखेर आएका सञ्चारकर्मी सुरोजङ्ग पाण्डे पनि सही सोच र योजना भएमात्रै गन्तव्यमा पुगिने धारणा राख्नुहुन्छ। "छुट्टै प्रदेश माग्नुको कारण प्रमाणित गर्ने दबाबमा थियो हैदराबाद, त्यस्तै दबाब नेपालमा पनि छ। त्यहाँ एउटा प्रदेशको कुरा थियो, यहाँ देशकै। त्यहाँ अधिकार माग्ने र त्यो पाएपछि सफल उदाहरण पेस गर्नसक्ने, तर हामीले किन नसक्ने ?", प्रश्न गर्दै उहाँ भन्नुहुन्छ, "हैदराबाद हेरेर धेरैका आँखा खुल्छन्। राजनीतिक स्थिरता, दूरदर्शी नेतृत्व, स्पष्ट लक्ष्य, साझा जिम्मेवारी मुख्य कुरा रहेछ।"

सङ्घीयता कार्यान्वयनमा आएपछि नेपालमा पनि सरकारले देशका विभिन्न ठाउँमा १० वटा नमुना आधुनिक सहर बनाउने घोषणा गरेको छ। राजधानी काठमाडौँलगायत पुराना सहरले ट्राफिक व्यवस्थापन र खानेपानीको चुनौती सामना गरिरहेका छन्। पाण्डे यिनै क्षेत्रलाई हैदराबादजस्तै योजनाबद्ध विकास गर्न सक्नुपर्नेमा त्यसो हुननसकेको बताउनुहुन्छ।

सञ्चारकर्मी सविका श्रेष्ठ भन्नुहुन्छ, "नेपालमा विकास ***बाँकी तीन पृष्ठमा***

# सुशासन, समृद्धि र समानताका आधारभूत विषय आर्थिक विकास हो: सभामुख घिमिरे

काठमाडौँ, २२ असार (रासस)।

संसदीय समितिले बढ्दो बेरुजुले मुलुकको आर्थिक सुशासनमा ठूलो प्रश्न चिन्ह खडा गरेको जनाउँदै देशको समग्र विकास र समृद्धिका लागि सार्वजनिक वित्तको कुशल व्यवस्थापन अपरिहार्य भएको निष्कर्ष निकालेको छ।

प्रतिनिधिसभा, सार्वजनिक लेखासमितिले आज यहाँ आयोजना गरेको बेरुजुसम्बन्धी राष्ट्रिय कार्यशालामा कानुनबिपरीतको खर्च नियन्त्रण एक महत्वपूर्ण पाटो भएकाले बेरुजु बढ्नु भनेको राज्यकोषको सही सदुपयोग नहुनुमात्र नभई सार्वजनिक संस्थाप्रति नागरिकको विश्वास घटाउँदै लैजाने निचोड निकालिएको छ।

महालेखापरीक्षकको ६२औँ वार्षिक प्रतिवेदनअनुसार आर्थिक वर्ष २०८०/८१ सम्म रु सात खर्ब ३३ अर्ब १९ करोड बेरुजु कायम भएको समितिले जनाएको छ। अद्यावधिक बेरुजु गत वर्षभन्दा ९ दशमलव ४५ प्रतिशतले बढ्नुलाई समितिको अपेक्षाबिपरीतको विषय भएको जनाइएको छ। सोह्रौँ योजनाले आव २०८५/८६ सम्म कूल गार्हस्थ उत्पादनको अनुपातमा बेरुजुको मात्रा पाँच प्रतिशत पुर्‍याउने लक्ष्य राखेको छ।

कूल गार्हस्थ उत्पादनको अनुपातमा बेरुजुको आकार करिब १२ प्रतिशतको हाराहारीमा रहेकाले आर्थिक सुशासनको दृष्टिले सोचनीय विषय भएको सभापति ऋषिकेश पोखरेलले बताउनुभयो। उहाँले भन्नुभयो, “बेरुजु न्यूनीकरण गर्न प्रदेश र स्थानीय तहका लेखासमिति पनि थप क्रियाशील हुनुपर्ने देखिन्छ, महालेखापरीक्षक कार्यालयले पनि वित्तीय लेखापरीक्षण र कार्यमूलक लेखापरीक्षणलाई पनि अभियानकै रूपमा अगाडि बढाउनु पर्दछ।”

बेरुजुलाई केबल एक प्राविधिक विषयमात्र नभई सुशासन र आर्थिक अनुशासनसँग जोडिएको गम्भीर मुद्दा भएको जनाउँदै सभापति पोखरेलले यसलाई सम्बोधन गर्न नीतिगत सुधार, कानुनी प्रावधानको कडाइका साथ कार्यान्वयन, सूचना प्रविधिको प्रयोग र सरोकारवाला निकायबीचको समन्वय अपरिहार्य रहेको बताउनुभयो।

सभामुख देवराज घिमिरेले उत्पादनका माध्यमबाट अर्थतन्त्र सुदृढ तुल्याउँदै वैज्ञानिक ढङ्गबाट खर्च गर्ने, खर्चको वैज्ञानिक लेखाप्रणाली राख्ने, पारदर्शी बनाउने कुरा महत्वपूर्ण विषय हुन् भन्नुभयो। राज्य सञ्चालनका क्रममा आम्दानी र खर्चको लेखाप्रणालीको विषय निकै महत्वपूर्ण रहने बताउँदै सभामुख घिमिरेले भन्नुभयो, “त्यसकारण सार्वजनिक क्षेत्रको लेखाप्रणाली कस्तो छ, कसरी व्यवस्थित गर्ने ? त्यसमा समस्याहरु के हुन् ?” उहाँले कसरी समाधान गर्ने भन्ने विषयमा यस्ता कार्यक्रमले केही प्रतिफल दिनसक्ने बताउनुभयो।

सभामुख घिमिरेले भन्नुभयो, “तीन तहका जनप्रतिनिधिबीच हामीले अहिले नचाहँदानचाहँदै पनि हार्दिकता छैन, दोषारोपण छ, यस्ता छलफलले सङ्घीय प्रणालीको सम्बन्धलाई पनि घनिभूत गर्न सक्छ, त्यसमाथि लेखाप्रणालीसँग सम्बन्धित आम्दानी र खर्च, फछ्र्योट, पारदर्शिता देखाउन विशेष महत्व राख्छ।”

मुलुकमा देखिएको बेरुजुलाई समयमा टुङ्गो लगाउन तीनवटै तहका सरकारले सम्बन्धित निकायको जिम्मेवारीअनुसार त्यसलाई कसरी प्रभावकारी बनाउने भन्नेमा छलफल आवश्यक रहेको उहाँको भनाइ थियो।

महालेखका परीक्षकले अघिल्लो प्रतिवेदनमा देखाएअनुसार प्रदेश र स्थानीय तहमा बेरुजु बढ्दो क्रममा रहेको जनाउँदै सभामुख घिमिरेले आर्थिक सुशासनका दृष्टिले बेरुजुको अङ्क बढ्नु सोचनीय विषय भएको विचार व्यक्त गर्नुभयो।

उपसभामुख इन्दिरा रानाले बेरुजु अर्थ सुशासनसँग जोडिएको विषय भएकाले सरकारी ढुकुटी परिचालन गर्न इमान्दार हुन आवश्यक रहेको बताउनुभयो। बेरुजु परीक्षण गर्न जाने सरकारी निकायलाई सरकारी आवासमा राख्ने व्यवस्था मिलाउन र आर्थिक अनुशासनको पाटोलाई ध्यान पुर्‍याउने पक्षमा हेक्का राख्न निर्देशनको खाँचो औँल्याउनुभयो।

महालेखा परीक्षक तोयम रायले सामान्य रुपमा आर्थिक अनुशासन भएन भने बेरुजु देखिने भए पनि सबै बेरुजु आउनामा कानुनबिपरीत कार्य भन्न नमिल्ने धारणा राख्नुभयो।

गत आर्थिक वर्षमा पाँच हजार ७०० कार्यालयको महालेखा परीक्षकको कार्यालयले अडिट गरेकामा असुलउपर गर्नुपर्ने, नियमित गर्नुपर्ने, प्रमाण नपुगेको, वस्तु खरिद भएको, जिम्मेवारी नसारिएको, शोध भर्ना गर्नुपर्ने तथा पेस्कीका नाममा बिभिन्न शीर्षकमा रु सात खर्ब ३३ अर्ब बेरुजु रहेको पाइएको उहाँले जानकारी दिनुभयो।

कार्यालयबाट लेखापरीक्षण गर्न खटिजाने कर्मचारीलाई आर्थिक अनुशासनमा रहन तथा भरसक सरकारी आवास प्रयोग गर्न निर्देशन दिइएको जनाउँदै बेरुजु देखिनासाथ अनियमिता र भ्रष्टाचार भयो भन्ने बुझाई पूर्ण रुपमा सही नरहेको उहाँले स्पष्ट पार्नुभयो।

नेपालको संविधानको धारा २९४ (१) मा महालेखापरीक्षकले सङ्घीय लेखापरीक्षणको बार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्ने तथा उक्त प्रतिवेदन प्रधानमन्त्रीमार्फत संसद्मा प्रस्तुत हुने र संसद्को सार्वजनिक लेखासमितिमा छलफल भई कारबाही तथा निर्देशनका लागि सरकारका निकायलाई पठाउने व्यवस्था छ।

त्यस्तै, प्रत्येक प्रदेशको हकमा अलगअलग प्रतिवेदन तयार गरी महालेखापरीक्षकले नेपालको संविधानको धारा २९४ (३) बमोजिम प्रदेशस्थित सरकारी कार्यालयको वार्षिक लेखापरीक्षण प्रतिवेदन प्रदेश प्रमुखसमक्ष पेस गर्ने र मुख्यमन्त्रीमार्फत प्रदेशसभामा पेस भई प्रदेशसभाको लेखासमितिमा छलफल हुने व्यवस्था छ।

स्थानीय तहको हकमा लेखापरीक्षण ऐनअनुसार महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको अलगअलग अन्तिम लेखापरीक्षण प्रतिवेदन तयार गरी पालिका प्रमुखलाई उपलब्ध गराउने र पालिकाको सभामा प्रस्तुत भई छलफल हुने व्यवस्था छ।

समिति सचिव एकराम गिरीले समितिले सार्वजनिक खर्चको जवाफदेहिता र पारदर्शिता सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेल्दै आएको तथा महालेखा परीक्षकको वार्षिक प्रतिवेदनउपर छलफल गरी सरकारलाई आवश्यक निर्देशन दिने र अनुगमन गर्ने सार्वजनिक लेखासमितिको मुख्य जिम्मेवारी रहेको बताउनुभयो।

बेरुजुका कारण, यसको प्रकृति र यसको नियन्त्रणका लागि चालिनुपर्ने कदमबारे बृहत् छलफल गर्ने हेतुले आयोजित कार्यशालाले आगामी दिनमा बेरुजु आउनै नदिने र आएमा शीघ्र फछ्र्योट गर्ने कामलाई प्रभावकारी तथा नतिजामूलक बनाउन प्रभावकारी रणनीति निर्माण गर्न मद्दत पुग्ने विश्वास गरिएको छ।

## देखेको...

नभएको होइन, भइरहेकै छ। देशमा बस्ती विकास र सहरी योजना कार्यान्वयन भइरहेकै छन्, तर परिणाम त हामीले देखिरहेका छौँ। सडकबाटो, सार्वजनिक यातायात, विकास पूर्वाधार, खानेपानी व्यवस्थापन अझै समस्याका रूपमा छन्। त्यसका लागि हैदराबादको ‘स्मार्ट सिटी’ योजना, प्रविधि हब र सार्वजनिक यातायात प्रणालीबाट नेपालले धेरै सिक्न सक्छ”, उहाँ अगाडि भन्नुहुन्छ, “त्यहाँ सडक किनारको हरियाली, घरघरको बगैँचा र विद्युतीय शासनले सहरलाई व्यवस्थित र बस्नलायक बनाएको छ।”

यसबारे त्यहाँको जिपी बिर्ला पुरातात्विक, खगोलशास्त्रीय तथा वैज्ञानिक अनुसन्धान संस्थाका निर्देशक डा के मृत्युञ्जय रेड्डीको भनाइ मननयोग्य छ। उहाँ आफ्नो संस्थाको भित्तामा भारत स्वतन्त्र भएलगत्तै नवनिर्माण सुरु हुँदै गर्दाका तस्बिर देखाउँदै भन्दै हुनुहुन्थ्यो, “एउटा मान्छेले आफ्नो साइकलको पछाडि नमुना परीक्षणका लागि बनाइएको सानो आकारको मिसाइल बोकिरहेको छ। अर्को तस्बिर एप्पल उपग्रह परीक्षणका लागि गोरुगाडामा राखेर परीक्षणस्थल लगिँदै गरेको छ। त्यसताका प्रसिद्ध न्युजविक पत्रिकाले यस कदमलाई ‘शताब्दीकै टक्कर’ भनेर महत्वका साथ प्रकाशित गरेको थियो। उसबेला भारतसँग धेरै पैसा थिएन, तर नवीन सोच थियो, जसले अन्तरिक्षमा सफल भू(उपग्रह प्रक्षेपण गर्ने बाटोमा डोर्‍यायो। भारत आज कहाँ छ, तपाईंहरू देखिरहनुभएको छ।”

यिनै कुरा आज सङ्घीय नेपालले पनि खोजिरहेको छ। “सङ्घीयता सत्ता र शक्ति वितरणको उपाय मात्रै होइन, यो विकासको अवसर पनि हो। हामीले पनि यसलाई समयमै बुझ्न सक्नुपर्छ र व्यवहारमा उतार्न लाग्नुपर्छ”, सञ्चारकर्मी ममता थापाको भनाइ छ।

हो, सङ्घीयता केवल शक्ति विकेन्द्रीकरण मात्रै नभई नागरिक हित प्रवर्द्धन, उपलब्ध स्रोत र साधनको समुचित परिचालनको आधार पनि हो। पौडेल, ढुङ्गाना, श्रेष्ठ र थापा मात्रै होइन, त्यहाँ गएका नेपालका २२ जना प्रतिनिधिको साझा चिन्ता थियो, “नेपालले कागजमा सङ्घीयता अनुशरण गरे पनि सरकार, पार्टीका संस्कार, आचरण र अभ्यास त्यस अनुकूल छैनन्। यस्तो अवस्था कायम रहँदासम्म व्यवस्था जतिसुकै उत्कृष्ट भए पनि त्यसको सफल कार्यान्वयन हुन सक्दैन।”

## लागुऔषधसहित...

कार्यालय लक्ष्मीनियाँ, विजयपुरमा बुझाएको गणपति बस्नेतले जानकारी दिनुभयो।

सीमासुरक्षाको जिम्मेवारी पाएको सशस्त्र प्रहरी बलले रौतहट जिल्लाको सिमाना पारी रहेका भारतीय बजारबाट लुकिछिपी हुने लागुपदार्थसहित सबै किसिमका अवैधधन्धाको न्यूनीकरण तथा नियन्त्रणका लागि सक्रियताका साथ योजनाबद्ध ढङ्बाट काम गरिहेको बताउनुभयो।

## सकियो...

सहित ट्रफी र र प्रमाणपत्र प्रदान गरिएको थियो।

प्रतियोगिता समाप्ति पछी आयोजित पुरस्कार वितरण समाहरोमा प्रमुख अतिथी राजविराज नगरपालिकाकी कार्यबाहक नगरप्र ईसरत परवीन, प्रमुख जिल्ला अधिकारी भोला दाहाल, न्यायाधीश दीपक दाहाल, सप्तरी युथ नेपालका अध्यक्ष मोहन यादव, वडा अध्यक्ष अरुण यादव, र जयनारायण मण्डल लगायतले बिजयी खेलाडीहरुलाई पुरस्कार वितरण गरेका थिए।

## सैनिक...

गर्नुपर्नेमा सञ्चालनमा रहेको एकमात्र सर्पदंश उपचार केन्द्रलाई पनि अन्यत्र सार्ने नियतबाट सैनिक जनशक्ति फिर्ता लैजाने निर्णय भएको स्थानीयको आरोप छ।

२०७६ सालमा स्थापना भएको सो सर्पदंश उपचार केन्द्रबाट हालसम्म दुई हजार भन्दा बढी सर्पदंशका बिरामीहरुले उपचार पाएको सर्पदंश उपचार केन्द्र कञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष मो. उस्मानले बताएका छन।

## विश्व समाचार

### भन्सार शुल्कमा ट्रम्पसँग ‘सजिलै सम्झौता’ नगर्ने जापानी प्रधानमन्त्रीको भनाइ

टोकियो, २२ असार (रासस/एएफपी)।

जापानका प्रधानमन्त्री शिगेरु इशिबाले आइतबार टोकियोले राष्ट्रपति डोनाल्ड ट्रम्पको जापानी सामानहरूमा ३५ प्रतिशतसम्म भन्सार शुल्क लगाउने धम्कीलाई टार्न खोजिरहेको छ भन्दै वासिङ्टनसँग वार्तामा ‘सजिलै सम्झौता’ नगर्ने बताउनुभएको छ।

“हामी सजिलै सम्झौता गर्नेछैनौँ। त्यसैले समय लागिरहेको छ र त्यसैले यो कठिन छ”, इशिबाले एक टेलिभिजन टक शोमा भन्नुभयो।

व्यापार सम्झौताका लागि बुधबारको समयसीमा अघि जापानले ट्रम्प प्रशासनसँग वार्ता गर्न हतार गर्दा उहाँको यस्तो टिप्पणी आएको हो।

ट्रम्पले अप्रिलमा धेरैजसो व्यापारिक साझेदारहरूबाट आयातमा व्यापक १० प्रतिशत भन्सार शुल्क लगाउनुभए पनि उहाँले जापान लगायत दर्जनौँ अर्थतन्त्रहरूमा उच्च दरहरू घोषणा गर्नुभयो र वार्ताका लागि ठाउँ दिन त्यसपछि रोक्नुभयो।

यो रोकाबट जुलाई ९ मा समाप्त हुनेछ। यसको अर्थ यदि देशहरूले तिनीहरूलाई टार्न बासिङ्टनसँग सम्झौता गर्न असफल भएमा उच्च दरहरू लागू हुनेछन्।

ट्रम्पले जापानलाई ‘३० प्रतिशत, ३५ प्रतिशत वा हामीले निर्धारण गरेको सङ्ख्या तिर्न’ भन्दै पत्र लेख्न जाँदै गरेको र द्विपक्षीय व्यापार सम्बन्धलाई ‘अनुचित’ भन्नुभएको छ।

उहाँले विशेषगरी जापानलाई थप अमेरिकी अटोमोबाइल र चामल स्वीकार गर्न दबाब दिनुभएको छ।

टोकियोका व्यापार दूत रियोसेइ अकाजावाले बिहीबार र शनिबार अमेरिकी वाणिज्यमन्त्री हावर्ड लुटनिकसँग टेलिफोनमा कुरा गर्नुभएको थियो।

सन्डे टेलिभिजन कार्यक्रममा इशिबाले अमेरिकी अर्थतन्त्रमा सबैभन्दा ठूलो लगानीकर्ता राष्ट्रका रूपमा जापानलाई अन्य देशभन्दा फरक व्यवहार गर्नुपर्ने कुरा दोहोर्‍याउनुभयो।

“के अन्याय हो ? यो कसरी अनुचित छ ? हामीले अमेरिकी दावीहरू मध्ये प्रत्येकको जाँच गर्न आवश्यक छ”, उहाँले भन्नुभयो, “हामी सहयोगी हौँ, तर हामीले भन्नैपर्ने कुरा भन्नुपर्छ। हामी विश्वको सबैभन्दा ठूलो लगानीकर्ता राष्ट्र र सबैभन्दा ठूलो रोजगारी सिर्जनाकर्ता (अमेरिकामा) हौँ। हामी फरक छौँ।”

अर्को सन्डे टेलिभिजन कार्यक्रममा इशिबाले ट्रम्पको पत्रलाई कसरी सामना गर्ने योजना छ भनेर सोध्दा जापानले ‘सबै प्रकारका परिस्थितिहरूको सामना गर्न तयारी गरिरहेको’ बताउनुभयो।

### गाजा युद्धविराम वार्ताका लागि इजरायली वार्ताकार कतार जाने

जेरूसेलम, २२ असार (रासस/एएफपी)।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूको ह्वाइट हाउस भ्रमणको पूर्वसन्ध्यामा गाजामा युद्धविराम र बन्धक मुक्त सम्झौता वार्ताका लागि इजरायली प्रतिनिधिमण्डल आइतबार दोहामा पुग्ने अपेक्षा गरिएको छ।

नेतन्याहूले यसअघि नै द्वन्द्वको मुख्य मध्यस्थकर्ता कतारमा एक टोली पठाउने घोषणा गर्नुभएको थियो, यद्यपि, उहाँले अमेरिका समर्थित युद्धविराम सम्झौताको मस्यौदामा हमासको प्रतिक्रियामा केही ‘अस्वीकार्य’ मागहरू समावेश भएको बताउनुभएको थियो।

गाजामा युद्धको २२ औँ महिना नजिकिँदै गर्दा युद्ध अन्त्यका लागि बढ्दो मागको सामना गरिरहेका नेतान्याहुले आगामी सोमबार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग भेटवार्ता गर्नुहुने भएको छ।

सन् २०२३ को अक्टोबर ७ मा हमासले गरेको आक्रमणपछि गाजा पट्टीमा रहेका बन्धकहरूलाई फिर्ता गर्न माग गर्दै शनिबार इजरायली प्रदर्शनकारीहरू इजरायलको तटीय केन्द्र तेल अभिभमा भेला भएका छन्।

बन्दी गाली र जिभ बर्मनकी काकी म्याकाबित मेयरले ‘सबैलाई बचाउने’ सम्झौताको लागि आह्वान गर्नुभयो। हमासले शुक्रबार वार्तामा 'तत्काल र गम्भीरतापूर्वक संलग्न हुन' तयार रहेको बताइसकेको छ।

नेतन्याहूको कार्यालयद्वारा जारी विज्ञप्तिमा भनिएको छ, “ कतारको प्रस्तावमा इजरायलले सहमति जनाएको छ र छलफल गर्न वार्ताकारहरू पठाउँदैछ।

उहाँले भन्नुभयो, हमासले कतारको प्रस्तावमा गर्न चाहेको परिवर्तन इजरायलका लागि अस्वीकार्य हुनेछ।” गाजाको नागरिक सुरक्षा निकायले आइतबार इजरायली सेनाको कारबाहीमा परी १४ जनाको मृत्यु भएको जनाएको छ।

गाजामा सञ्चारमाध्यममा लगाइएको प्रतिबन्ध र धेरै क्षेत्रमा पहुँचमा कठिनाइको अर्थ एएफपीले नागरिक सुरक्षा एजेन्सीले उपलब्ध गराएको सङ्ख्या र विवरणलाई स्वतन्त्र रूपमा पुष्टि गर्न असमर्थ भएको छ।

एएफपीसँग सम्पर्क गर्दा इजरायली सेनाले निश्चित समन्वय बिना कुनै खास आक्रमणबारे टिप्पणी गर्न नसक्ने बताएको छ।

# सडक मै ढाट तेर्साएर चक्काजाम



**दैनिक समाचारदाता**
**राजविराज, २२ असार ।**

वर्षौंदेखी अलपत्र अवस्थामा रहेको सडक स्तरोन्नतीको माग गर्दै स्थानीयले चक्का जाम गरेका छन । सप्तरीको राजविराज-भारदह सडकखण्डको मंसापुरमा आईतवार स्थानीयले सडकस्तरोन्नतीको माग गर्दै चक्का जाम गरेका हुन ।

उक्त सडकखण्डको तिलाठी कोइलाडी-७ मंसापुरमा स्थानीयले सडक मै ढाट तेर्साएर चक्काजाम गरेका हुन ।

ठेकेदारको लापरवाहीले ४ वर्षदेखि सडक अलपत्र परेको सो सडक खण्डमा खाल्डाखुल्डी र धुलो उड्नाले दिनहुँ सर्वसाधारणले समस्या भोग्दै आउनुपरेपछि आक्रोशित स्थानीयले नाराबाजी गर्दै चक्काजाम गरेका छन । जसकारण दुबै तर्फ सवारी साधानहरुको लाम लागेको छ भने यात्रहरुको बिजोग भएको छ ।

ठेकेदार र सरोकारवाला निकाय मौन भएर बसेको तथा पटक-पटक आश्वासन मात्र दिएर पन्छिनु बाहेक केही नगरेकाले चक्काजाममा उत्रिन परेको स्थानीयवासी राधेश्याम यादवले बताए ।

राजविराज सदरमुकाम जोड्ने उक्त सडक खण्डको झण्डै १८ किलोमिटरको बाटो निर्माण काम ठेकेदारको लापरवाहीका कारण ४ वर्षदेखि अलपत्र अवस्थामा परेको छ । जसकारण आवतजावतमा कठिनाई तथा दुर्घट्नाको जोखिम समेत बढाएको स्थानीयको गुनासो छ ।

जिल्लाको शम्भुनाथ नगरपालिकामा रहेको साह इन्जिनियरिङ कन्स्ट्रक्सनले ४ वर्ष अघि २५ करोड ७१ लाखमा उक्त सडक निर्माण कार्यको ठेक्का लिएर बिचैमा अलपत्र छाडेपछि सडकको अवस्था दिन प्रतिदिन जीर्ण बन्दै गएको हो ।

यस सडक खण्डमा अन्य समयमा धुलो र वर्षाको समयमा हिलोको समस्या सर्वसाधारणले खेप्नु परेको छ । ठेकेदारले विभिन्न बहाना लगाएर आलटाल गर्दै आएपनि काम गरेको भुक्तानी लिएर सडकलाई अलपत्र पारेर छोडेको तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्ष अरूण कुमार मण्डलको भनाई छ ।

चक्का जामका कारण त्यस सडकबाट आवतजावत गर्ने सबारी साधन ठप्प भएको खबर पाएपछि पुगेको प्रहरी टोलीले स्थानीयलाई सम्झाई बुझाई गरी निर्माण कार्यमा ढिलाई गर्ने ठेकेदारलाई कारवाही गर्ने प्रतिबद्धता जनाएपछि तीन घण्टा पश्चात आवागमन सुचारु गरिएको छ ।

# पर्साको ठोरी साक्षर गाउँपालिका घोषणा

वीरगञ्ज (पर्सा), २२ असार (रासस) ।

ठोरी गाउँपालिकालाई जिल्लाकै पहिलो साक्षर पालिका घोषणा गरिएको छ । “हाम्रो अथक मेहेनत र प्रयासकै कारणले जिल्लाकै पहिलो साक्षर पालिका हुन पाएका छौं”, ठोरीका गाउँपालिका अध्यक्ष लालबहादुर श्रेष्ठले भन्नुभयो, “यो गौरवको विषय हो । अन्य रचनात्मक काममा पनि आगामी दिनमा पनि ठोरीले राम्रो कामको सुरुआत गर्दै अघि बढ्नेछ ।”

पालिकामा रहेका तीन हजार ८०९ घरपरिवारका १५ देखि ६० वर्ष उमेर समूहका सरकारले तोकेको १२ सूचकमध्ये आठ वटासम्म सूचक बताउन सक्ने १५ हजार ६७८ जनामध्ये १५ हजार ३२१ जना अर्थात् ९८ दशमलव ८६ प्रतिशत महिला र पुरुष साक्षर रहेकाले पालिकालाई साक्षर पालिका घोषणा गरिएको हो ।

आसमान नेपालको समन्वयमा ठोरी गाउँपालिकाको पाँचवटै वडावासीको घरघरमा पुगेर साक्षरताको सर्भे गरेको थियो । ठोरी गाउँपालिकाका शिक्षा शाखा प्रमुख भुपाल जोशीले वडाको सम्पूर्ण घरमा बसोबास गर्नेसँग सरकारको तोकेको १२ सूचकमध्ये आठवटा सूचक पूरा गरेपछि साक्षर पालिका घोषणा गर्न सम्भव भएको बताउनुभयो ।

जिल्लाको १४ पालिकामध्ये ठोरी साक्षर हुने पहिलो र समग्रमा मधेस प्रदेशका स्थानीय तहमध्ये सातौं साक्षर पालिका हो । प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले ठोरीबाट सुरुआत भएको साक्षर पालिका घोषणा कार्यक्रम अन्य पालिकाले पनि अनुशरण गर्दै जानुपर्ने बताउनुभयो । जिल्ला समन्वय समितिका प्रमुख निरञ्जनप्रसाद साह सोनारले ठोरीले साक्षर घोषणा गरेर अन्य पालिकालाई पनि साक्षर घोषणा गर्नका लागि सकारात्मक दबाब दिएको बताउनुभयो ।


नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी,राजविराज

मिति :-२०८२/०३/१२

**विषयः- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।**

यसमा २००४ सालको जमाबन्दी श्रेष्ता बमोजिम रैती नं. २७ पराउ राउत सोनाईको नाममा कायम रहेका साविक प्रगन्ना राय झमुना मौजे बेल्हा बरेटा सा.वि.न. ७८ को ज.वि. ०-८-१३ मध्ये ०-२-२ हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला सप्तरी गा.वि.स. मानराजा वडा नं.७ हाल बोदेबर्साईन न.पा. वडा नं. ७ बस्ने पराउ राउतको नाति सोनाई राउतको छोरा नथुनि यादवको यस कार्यालयमा द.नं. २०७० मिति २०८१/०४/३० गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८१/०३/१२ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी , प्रति, गोचर, समसानघाट, पैनी, पौवा, पोखरीको डिल, पोखरी, पानीघाट, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| साविक कि.नं. | साविक दर्तावाला | गा.वि.स. | वार्ड नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ७८ | पराउ राउत सोनाई | मानराजा | ८ | १६३ | ०-१४-९.५ मध्ये पश्चिम उत्तर तर्फबाट ०-२-२ | नथुनि यादव | यो जग्गा फिल्डबुकको ज.ध. महल खाली, किसान को महलमा पखरीको डिल रहेको, किसानको व्यहोरा महल खाली, कैफियत महल खाली रहेको। |

२०८२/०३/१२

प्रमुख मालपोत अधिकृत
लक्ष्मी प्रसाद खरेल
प्रमुख मालपोत अधिकृत


# दक्षिण एसियाली करातेमा नेपाल उपविजेता

काठमाडौं, २२ असार (रासस) ।

नेपाल नवौं दक्षिण एसियाली कराते च्याम्पियनसिपमा उपविजेता बनेको छ । नेपाल २१ स्वर्ण, नौ रजत र २० कास्यसहित टिम उपविजेता भएको नेपाल कराते महासङ्घका अध्यक्ष युवराज लामाले जानकारी दिनुभयो ।

महिला ६८ केजीमाथि कराते महासङ्घबाट हिमालयन वारियर्स उपनाम पाएकी एरिका गुरुङ, ५० केजीमा पुष्पका लामा, ५५ केजीमुनि सविना श्रेष्ठले व्यक्तिगत र टिम कुमुतेमा नेपाललाई दोहोरो स्वर्ण दिलाए । प्रदीप बैजाली मगरले यु-२१ र सिनियरको व्यक्तिगत कुमुतेमा समान एक-एक स्वर्ण तथा टिम कुमुतेमा रजत जिते । नेपालमा भएको सातौं संस्करण र भुटानमा भएको आठौं संस्करणमा भने नेपाल टिम च्याम्पियन बनेको थियो ।

श्रीलङ्काको कोलम्बोमा भएको प्रतियोगतामा भारत टिम च्याम्पियन बनेको छ । भारतले २३ स्वर्ण, २४ रजत र १२ कास्य जित्यो । तेस्रो स्थानको श्रीलङ्काले १६ स्वर्ण, २० रजत र २३ कास्य हात पार्‍यो भने तीन स्वर्ण, सात रजत र १४ कास्य जितेको बङ्गलादेश चौथो भयो । छ राष्ट्र सहभागी प्रतियोगितामा पाकिस्तान एक रजत, सात कास्यका साथ पाँचौं र एक रजत, एक कास्यका साथ भुटान छैटौं भएको हो ।

## आषाढ...

विशेष घुइँचो लाग्ने गर्दछ ।

एकादशीका दिन विशेषगरी चामलबाट बनेका परिकार नखाने रोटी, ढिंडोलगायत फलाहार गर्ने गरिन्छ । वैज्ञानिक रूपमा पनि बढी अक्सिजन पाइने प्रमाणित भएको तुलसी विभिन्न रोगका लागि औषधीका रूपमा समेत प्रयोग गरिन्छ ।

तुलसीको मोठ भएका स्थानमा रोग सार्ने विषालु प्रकारका कीटाणु नआउने विश्वास गरिन्छ । वास्तु दोष भएका स्थानमा तुलसीको मोठ राख्दाले वास्तु दोष निवारण भई सकारात्मक फल प्राप्त हुने मान्यता छ । तुलसी भएका स्थानमा शुद्ध हावा बहने तथ्य वैज्ञानिक रूपमा पुष्टि भएको छ ।

चार महिनासम्म विधिपूर्वक पूजा आराधना गरिएको तुलसीलाई कार्तिक शुक्ल एकादशी अर्थात् हरिबोधिनी एकादशीका दिन दामोदरसँग विवाह गरिदिने वैदिक विधि छ ।

तुलसी र दामोदरको विधिपूर्वक विवाहपछि अग्नि स्थापना विधिबाट पूजा आराधनासहित चर्तुमासा व्रतको उद्यापन गरिन्छ । उद्यापनका लागि मार्गशीर्ष कृष्ण पञ्चमीका दिनसम्म जुराउनु नपर्ने र त्यसपछि भने अग्नि स्थापना जुरेका दिन हवन गरी तुलसीको व्रत समापन गर्ने परम्परा रहेको धर्मशास्त्रविद् प्रा डा भट्टराईले उल्लेख गर्नुभयो ।


सुरक्षित घर निर्माण गरौं

घर निर्माण गर्दा-

- इञ्जिनियरको सल्लाह लिएर मात्र निर्माण गरौं ।
- भूकम्प प्रतिरोधि डिजाइन बनाऔं ।
- गुणस्तरीय सामग्री प्रयोग गरौं ।
- स्थानीय भू-सम्भाव्यता अनुसार निर्माण गरौं ।
- नियमित मर्मतसम्भार गरौं ।
- निर्माण अघि स्वीकृति लिऔं ।

"बलियो घर निर्माण गरौं, सुरक्षित भविश्य बनाऔं"

नेपाल सरकार
विज्ञापन बोर्ड


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*